बैठक संख्याः ३८
मितिः- २०८३।०३।२२
समयः दिनको ११.०० बजे
स्थानः सिंजा गाउँपालिका नराको,जुम्ला

उपरोक्त मिति,समय र स्थानमा सिंजा गाउँपालिका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यापालिका सदस्यहरुको समेत उपस्थितीमा बसेको बैठकले देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति

| सि. नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री पूर्ण प्रसाद धिताल | | |
| २ | गाउँपालिका उपाध्यक्ष | श्री सितली रोकाया | | |
| ३ | १ नं वडा अध्यक्ष | श्री हरीनन्द आचार्य | | |
| ४ | २ नं वडा अध्यक्ष | श्री तिर्थ वड | | |
| ५ | ३ नं वडा अध्यक्ष | श्री सुरत बहादुर रावत | | |
| ६ | ४ नं वडा अध्यक्ष | श्री रन्जित बुढा | | |
| ७ | ५ नं वडा अध्यक्ष | श्री कृष्ण बहादुर रोकाया | | |
| ८ | ६ नं वडा अध्यक्ष | श्री लाल बहादुर बुढा | | |
| ९ | कार्यापालिका सदस्य | श्री राजपुरा दमाई | | |
| १० | कार्यापालिका सदस्य | श्री रुपकेउडा बिष्ट | | |
| ११ | कार्यापालिका सदस्य | श्री दन्ता कामी | | |
| १२ | कार्यापालिका सदस्य | श्री मागी वड | | |
| १३ | कार्यापालका सदस्य | श्री हरिचन्द्र सार्की | | |
| १४ | कार्यापालिका सदस्य | श्री मोति दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | श्री टेक बहादुर शाही | | |

निर्णय नं १.

भूमि प्रशासन कार्यालय सिंजा नराकोटको प.स.०८२।०८३च.नं. २९१ मिति २०८३।०३।०३ को प्राप्त पत्रानुशार सिंजा गाउँपालिकाको आ.ब. २०८२।०८३ को मूल्याङ्‌न पुस्तिकामा मूल्याङ्‌न छुट भएका र नयाँ सडक कायम भएका जग्गाहरु छुट भएका स्थानहरुको मूल्याङ्‌नको सम्बन्धमा छलफल गर्दा आ.ब. २०८२।०८३ को मूल्याङ्‌न पुस्तिकामा भएको रकमलाई नै यथावत राख्ने गरी भूमि प्रशासन कार्यालय सिंजा नराकोटमा जानकारी पठाउने निर्णय गरियो।

निर्णय नं. २.

सिंजा गाउँपालिका अन्तर्गत सामुदायिक बिध्यालयहरुमा कार्यरत आधारभूत तथा माध्यामिक तहका शिक्षक तथा कर्मचारीहरुको आर्थिक बर्ष २०८२।०८३ को चौथो त्रैमासिकको तलब भत्ता भुक्तानीका लागि संघीय सरकारबाट प्राप्त शसर्त अनुदानको स्वीकृत बजेट अपुग हुन देखिएकाले तसर्थ शिक्षक तथा कर्मचारी जस्तो संबेदनशिल क्षेत्रको सेवा सुबिधा रोकिदा बिध्यालयको पठनपाठनमा प्रत्यक्ष असर पर्ने भएकाले चालु आ.ब. २०८२।०८३ मा संघीय शसर्त अनुदान अन्तर्गतकै **बिध्यार्थीका लागि दिवा खाजा कार्यक्रम को** स्वीकृत बजेटबाट बिध्यालयहरुलाई अनुदान बितरण गरी बाँकी हुन आउने रकमबाट मिलान हुने गरी उक्त शिर्षकमा खर्च गर्ने निर्णय गरियो।

निर्णय नं.३.

सिंजा गाउँपालिका अन्तर्गतका सामुदायिक बिध्यालयमा कार्यरत प्रारम्भिक बालबिकास शिक्षकहरुको सम्बन्धमा छलफल जम्मा रहेका २५ जना (ECD) शिक्षकको व्यबस्थापन सबै बिध्यालयहरुमा १/१ जना रहने गरी शिक्षा,यूवा तथा खेलकुद शाखालाई व्यबस्थापन गर्न निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ४.

सिंजा गाउँपालिकाको कार्यालयको अगाडी निर्माणाधिन मोटरवेल बेलिबृज पुल निर्माणको क्रममा रहेको र हाल बर्षादका कारणले हिमानदीमा पानीको बहाब बढन गई अस्थाई रुपमा आवत जावतका लागि रहेको काठेपुल समेत बाढीले बगाएर लिएकाले सर्बसाधारण नागरिकहरुको आवागमनमा समस्या उत्पन्न हुदा उक्त बेलिबृज पुल निर्माणको जिम्मा प्राप्त गरेको कम्पनीलाई तत्कालै पुल जडानका लागि निर्देशन दिदा कम्पनीले साईट तयार नभई पुल जडान गर्न नसकिने र हिमानदीमा पानीको बहाब कम भएपछि मात्र पुल जडान गर्न सकिने व्यहोराको पत्र समेत पेश भएको तर गाउँपालिकाले साईट खाली गरेको खण्डमा तत्काले पुल जडानको कार्य अगाडी बढाउन सकिने व्यहोराको पत्रमा उल्लेख हुदा अत वडा नं २ र ३ का आमनागरीकहरुको समस्यालाई मध्यनजर गरी गाउँपालिकाको कमपाउण्डको करिब ४ देखि ५ मिटर सम्मको पर्खाल हटाउनु पर्ने भएकाले प्रहरी चौकी नराकोटले तयार गरेको सार्बजनिक मुचुल्काको आधारमा उक्त पर्खाललाई हटाई पुलको स्टिल ट्रस तुरुन्तै राख्न लगाउने निर्णय गरियो।

निर्णय नं.५

सिंजा गाउँपालिका अन्तर्गत स्वास्थय चौकी, आधारभुत स्वास्थय केन्द्रमा कार्यरत करार सेवामा कार्यरत कर्मचारीहरु र कार्यालय सहयोगीहरुको मासिक रु. २०००। (दुई हजार) मात्र २०८३ साल श्राबण देखि सेवा सुबिधा बृद्धि गर्ने र सामुदायिक बिध्यालयमा कार्यरत कार्यालय सहयोगीहरुको पनि मासिक रु. २०००। (दुई हजार) बृद्धि गर्ने र सोको बजेट व्यबस्थापन समेत गर्ने निर्णय गरियो।